विधेयक संख्याः

# कर्णाली प्रदेश विनियोजन विधेयक

२०७६

**कर्णाली प्रदेश सभा सचिवालय**

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत

आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

## उद्देश्य र कारण

आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकले कर्णाली प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

(प्रकाश ज्वाला)
आर्थिक मामिला तथा योजना मन्त्री
मन्त्री

# आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कर्णाली प्रदेश विनियोजन ऐन, २०७६"** रहेको छ।

(२) यो ऐन २०७६ साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७६/७७ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७६/७७ को निमित्त **अनुसूची-१** बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम रु. १८२४४०००। (अक्षरुपी एक करोड बयासी लाख चौवालीस हजार) बाहेक **अनुसूची -२** को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च तथा महल ६ मा उल्लिखित वित्तीय व्यवस्थातर्फको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रू. ३४३३५१८१०००। (अक्षरुपी चौतीस अरब तेत्तीस करोड एकाउन्न लाख एकासी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त **अनुसूची-२** को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि **अनुसूची-२** को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदानबाट अर्को एक वा एक भन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा सार्न सकिनेछ ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्चतर्फका शीर्षकमा विनियोजित रकम पूँजीगततर्फ कै खर्च शीर्षकबाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(३) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ३०१ को पूर्वाधार विकास कार्यक्रम र अनुदान संख्या ५०१ र ६०२ मा विनियोजन भएको रकम चालु, पूँजिगत, वित्तीय व्यवस्थापन जुन-जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(५) यो ऐनबमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन बमोजिम हुनेछ ।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण:</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा आर्थिक वर्षको साउन २५ गते, कार्तिक २ गते, माघ २ गते र बैशाख २ गते गरी चार किस्तामा दाखिला गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा इकाइमार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गतेभित्र पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन ।

(५) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये सशर्त अनुदानका रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको साउन २५ गते दाखिला गर्नेछ ।

(६) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरण सहितको कार्ययोजना प्रत्येक आर्थिक वर्षको साउन २४ गतेभित्र सम्बन्धित प्रदेश लेखा इकाइ मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम पेश भएको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मंसिर १५ गते, चैत्र १५ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गतेभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम पेश भएको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदान मध्ये उपदफा (५) बमोजिम दाखिला भएको रकम घटाई बाँकी रहेको रकम क्रमशः सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ ।

(९) उपदफा (७) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन ।

(१०) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नुपर्नेछ ।

(११) सशर्त, समपूरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा इकाई तथा प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

(१२) उपदफा (११) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ ।

५. <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह वा संघीय सरकारका कुनै निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारले स्थानीय तह वा संघीय सरकारको कुनै निकाय मार्फत कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्नेछ । यसरी कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत प्रदेश सरकारबाट निर्णय गराउनुपर्नेछ ।

(२) यस ऐन बमोजिम स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम माग भई आएमा प्रदेश सरकारको स्वीकृतिमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने गरी निर्णय गर्न सक्नेछ ।

(३) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा प्रदेश सरकारको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको निर्णयको जानकारी सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित स्थानीय तह र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (२) बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने गरी अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा सम्बन्धित स्थानीय तहको कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित प्रदेश कानून बमोजिमको रकम निकासा दिनुपर्नेछ।

(६) उपदफा (३) बमोजिम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा स्थानीय तहको योजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित स्थानीय तहको एकल खाता कोष प्रणालीमा स्थानीय निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनुपर्नेछ।

(७) उपदफा (३) बमोजिम स्थानीय तहको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेशको सम्बन्धित निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाई वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ ।

६. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षणः</u> (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको एकाइको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ ।

७. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृतिः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ ।

(६) उपदफा (५) बमोजिम मन्त्रलयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृत लिनुपर्नेछ ।

तर मन्त्रालयले कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ ।

(९) उपदफा (६), (७) र (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खर्च शीर्षकमा पछि बाँडफाँड गर्ने गरी एकमुष्ट रकम विनियोजन भएकोमा सोको बाँडफाँड तथा विभाजन गर्नुपर्ने भएमा बार्षिक कार्यक्रमको ढाँचामा चौमासिक विभाजन गरी श्रावण १५ गते भित्र कार्यक्रमको बाँडफाँड तथा विभाजन गरी कर्णाली प्रदेश योजना आयोगको सिफारिशमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराउनुपर्नेछ र सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

(१०) मन्त्रालय वा निकायले स्वीकृत बार्षिक कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सोको कारण खोली कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी दोस्रो चौमासिक अवधि समाप्त भएपछि कर्णाली प्रदेश योजना आयोगको सिफारिशमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती लिई कार्यक्रम संशोधन गर्नुपर्नेछ ।

तर आर्थिक बर्षको बैशाख मसान्त पछि कार्यक्रम संशोधन गर्नुपर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सिफारिशमा प्रदेश सरकारको स्वीकृति लिई गर्नुपर्नेछ ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "निकाय" भन्नाले प्रदेशसभा सचिवालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र कर्णाली प्रदेश योजना आयोगलाई सम्झनुपर्दछ।

८. **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

९. **आदेश जारी गर्न सक्नेः** यस ऐन कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.स | निकायहरुको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश सभा सचिवालय<br>(प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | ७५५० | ० | ० | ७५५० |
| २ | प्रदेश लोकसेवा आयोग<br>(अध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सुविधा) | | | | |
| | **जम्मा** | **७५५०** | **०** | **०** | **७५५०** |

# अनुसूची -२
## (दफा २ र ३ सँग सम्बन्धित)
## प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.स | निकायहरुको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | ९८४९० | ४०५०० | | १३८९९० |
| २ | मुख्य न्यायधिवक्ताको कार्यालय | १४०५४ | २६०० | | १६६५४ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४३३२० | ४५९०० | | १८९२२० |
| | क) कर्णाली उज्यालो कार्यक्रम | ० | ५००००० | | ५००००० |
| | ख) एकिकृत वस्ती विकास कार्यक्रम | ० | २५०००० | | २५०००० |
| | ग) कर्णाली प्रदेश आकस्मिक कोष | १०००० | ० | | १०००० |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५४४८८० | ४६८९०० | | १०१३७८० |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७७८०० | २३५०० | | १०१३०० |
| | क) प्रदेश लेखा नियन्त्रक कार्यालय | १२९७० | ३५०० | | १६४७० |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७१७७५० | ११३७००० | | १८५४७५० |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १३८०६५७ | ४७३६०० | | १८५४२५७ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५८७२० | ५७८८८०० | | ५९४७५२० |
| ९ | सामाजिक विकास मन्त्रालय | ६२६४५४ | ११७०५०० | | १७९६९५४ |
| १० | अर्थ विविध | | | | |
| | क) भैपरी आउने | ५१०९६३ | ३३०२७० | | ८४१२३३ |
| | ख) स्थानीय साझेदारी कोष | ० | ६००००० | | ६००००० |
| | ग) कर्णाली पूर्वाधार विकास कोष | ५००००० | ५६१०००० | | ६११०००० |
| | घ) स्थानीय तहलाइ वित्तीय समानीकरण अनुदान | ० | ० | ४००००० | ४००००० |
| ११ | संघिय सरकारबाट प्राप्त सशर्त अनुदान | १८३४८७७ | ४७९९२७३ | | ६६३४१५० |
| **कुल जम्मा** | | ६६३०९३५ | २१२४४३४३ | ४००००० | २८२७५२७८ |

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## कर्णाली प्रदेश, वीरेन्द्रनगर , सुर्खेत

## आ.ब.२०७४/०७५ मा विनियोजन गरिएको मन्त्रालयगत बजेट तथा खर्च प्रगति विवरण

| १ | २ | आ.ब. २०७४/०७५को विनियोजन बजेट | | | आ.ब. २०७४/०७५को जेष्ठ सम्मको जम्मा खर्च | | | प्रगित प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| क.स | निकायहरुको नाम | चालु | पूँजीगत | जम्मा | चालु खर्च | पूँजीगत खर्च | जम्मा | |
| 1 | प्रदेश सभा सचिवालय | ३७०६५००० | २५६००००० | ६२६६५००० | 17021447.50 | 3264379.00 | 20285826.50 | ३२.३७ |
| 2 | मुख्य न्यायधिवक्ताको कार्यालय | ८५०००० | ४००००० | १२५०००० | 188533.40 | 0.00 | 188533.40 | १५.०८ |
| 3 | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४२४५९००० | १०५००००० | ५२९५९००० | 5409795.06 | 2562571.55 | 7972366.61 | १५.०५ |
| 4 | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३६६२०००० | १३५००००० | ५०१२०००० | 5464586.13 | 1865207.44 | 7329793.57 | १४.६२ |
| 5 | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४६५४६००० | १०५००००० | ५७०४६००० | 5952040.38 | 2275158.00 | 8227198.38 | १४.४२ |
| | ५.१ प्रदेश लेखा नियन्त्रक कार्यालय | १०१०००० | ० | १०१०००० | 129207.00 | 0.00 | 129207.00 | १२.७९ |
| 6 | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २८२६५००० | ५५१५०००० | ८३४१५००० | 4151906.05 | 2016677.74 | 6168583.79 | ७.४० |
| 7 | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३५२७७००० | ६५५००००० | १००७७७००० | 6351922.00 | 4367349.00 | 10719271.00 | १०.६४ |
| 8 | भौतिक पूर्वाधार विकास मन्त्रालय | २१६६६००० | १८९९५०००० | २११६१६००० | 2522649.30 | 292831.00 | 2815480.30 | १.३३ |
| 9 | सामाजिक विकास मन्त्रालय | ४०२४५००० | ३७८००००० | ७८०४५००० | 7319483.60 | 4596560.00 | 11916043.60 | १५.२७ |
| 10 | अर्थ विविध | ० | ० | ० | 0.00 | 0.00 | 0.00 | |
| | १०.१ भैपरी आउने | १४९३००००० | १७२२९७००० | ३२१५९७००० | 0.00 | 0.00 | 0.00 | ०.०० |
| **कुल जम्मा** | | ४३९३०३००० | ५८११९७००० | १०२०५००००० | **54511570.42** | **21240733.73** | **75752304.15** | ७.४२ |